सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ५(३) बमोजिम तयार गरिएको

सूचनाको विवरण

२०८३/८४ को प्रथम त्रैमासिक प्रतिवेदन
(साउन, भदौ र असोज)

नेपाल सरकार
स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय
सिंहदरवार, काठमाडौं

विषयसूची

१. स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयको संक्षिप्त परिचय १

२. कार्यक्षेत्र ४

३. मन्त्रालयमा कार्यरत कर्मचारी संख्या ६

४. मन्त्रालयका महाशाखाहरुको कार्यविवरण ६

५. स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयबाट प्रदान गरिने प्रमुख सेवाहरु १९

६. सेवा प्रदान गर्ने महाशाखा,शाखा र जिम्मेवार अधिकारी ३१

७. निर्णय गर्ने प्रकृया र अधिकारी ३१

८. निर्णय उपर उजुरी सुन्ने अधिकारी ३२

९. मन्त्रालयसंग सम्बन्धित ऐन, नियम, कार्यविधि, निर्देशिका एवं मापदण्डको विवरण ३२

१०. मन्त्रालयबाट चालु आ.व.को पहिलो त्रैमासिकमा सम्पादन गरिएका कामको विवरण ३७

११. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण ५४

१२. स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयको वेभसाइटको विवरण ५४

१३. स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयको सूचनाहरु अन्यत्र प्रकाशन हुने वा नहुने सोको विवरण ५४

अनुसूची ५५

१. स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयको संक्षिप्त परिचय

१.१ पृष्ठभूमि

नेपालको संविधानले स्वास्थ्यलाई प्रत्येक नागरिकको मौलिक हकका रूपमा स्थापित गर्दै आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने, गुणस्तरीय स्वास्थ्य सेवामा समान पहुँच सुनिश्चित गर्ने तथा आकस्मिक स्वास्थ्य सेवाबाट कुनै पनि नागरिक वञ्चित नहुने व्यवस्था गरेको छ। संघीय शासन प्रणालीको कार्यान्वयनसँगै संविधान बमोजिम संघ, प्रदेश र स्थानीय तहबीच स्वास्थ्य क्षेत्रका अधिकार तथा जिम्मेवारी बाँडफाँट भई स्वास्थ्य सेवा प्रवाहलाई थप प्रभावकारी, समावेशी र नागरिकमैत्री बनाउने दिशामा कार्य भइरहेको छ।

नेपालमा वि.सं. १९९० मा स्वास्थ्य सेवा विभाग तथा वि.सं. २०११ मा स्वास्थ्य मन्त्रालय स्थापना भएपछि स्वास्थ्य सेवा प्रणालीलाई समयानुकूल परिमार्जन र सुदृढ गर्दै देशभर स्वास्थ्य सेवा विस्तार गरिएको छ। संविधान, राष्ट्रिय स्वास्थ्य नीति, २०७६, प्रचलित कानुन, नेपाल सरकारका नीति तथा कार्यक्रम तथा नेपालले गरेका अन्तर्राष्ट्रिय प्रतिबद्धताअनुरूप स्वास्थ्य क्षेत्रको विकास, जनस्वास्थ्यको संरक्षण, गुणस्तरीय स्वास्थ्य सेवा तथा खाद्य स्वच्छता सुनिश्चित गर्न मन्त्रालयले निरन्तर कार्य गर्दै आएको छ।

१.२ भावी सोच

स्वस्थ तथा सुखी जीवन लक्षित सजग र सचेत नागरिक।

१.३ ध्येय

साधन स्रोतको अधिकतम एवं प्रभावकारी प्रयोग गरी सहकार्य र साझेदारीमार्फत नागरिकको स्वास्थ्यसम्बन्धी मौलिक अधिकार सुनिश्चित गर्ने ।

१.४ लक्ष्य

संघीय संरचनामा सबै वर्गका नागरिकका लागि सबै सामाजिक न्याय र सुशासनमा आधारित स्वास्थ्य प्रणालीको विकास र विस्तार गर्दै गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच र उपभोग सुनिश्चित गर्ने ।

१.५ उद्देश्यहरू

१. संविधानप्रदत्त स्वास्थ्यसम्बन्धी हक सबै नागरिकले उपभोग गर्न पाउने अवसर सिर्जना गर्नु।

२. संघीय संरचनाअनुरूप सबै किसिमका स्वास्थ्य प्रणालीलाई विकास, विस्तार र सुधार गर्नु।

३. सबै तहका स्वास्थ्य संस्थाहरूबाट प्रदान गरिने सेवाको गुणस्तरमा सुधार गर्दै सहज पहुँच निश्चित गर्नु।

४. अति सीमान्तकृत वर्गलाई समेट्दै सामाजिक स्वास्थ्य सुरक्षा पद्धतिलाई सुदृढ गर्नु।

५. सरकारी, गैर-सरकारी तथा निजी क्षेत्रसँग बहुक्षेत्रीय साझेदारी, सहकार्य तथा सामुदायिक सहभागितालाई प्रवर्द्धन गर्नु।

६. नाफामूलक स्वास्थ्य क्षेत्रलाई सेवामूलक स्वास्थ्य सेवामा रूपान्तरण गर्दै जानु।

१.६ रणनीति

१. सबै तहका स्वास्थ्य संस्थाबाट तोकिएबमोजिम निःशुल्क आधारभूत स्वास्थ्य सेवा सुनिश्चित गरिनेछ।

२. स्वास्थ्य बीमामार्फत विशेषज्ञ सेवामा सुलभ पहुँच सुनिश्चित गरिनेछ।

३. सबै नागरिकलाई गुणस्तरीय आकस्मिक स्वास्थ्य सेवाको पहुँच सुनिश्चित गरिनेछ।

४. स्वास्थ्य प्रणालीलाई संघीय संरचनाअनुरुप संघ, प्रदेश र स्थानीय तहमा पुनर्संरचना, सुधार एवं विकास तथा विस्तार गरिनेछ ।

५. स्वास्थ्यमा सर्वव्यापी पहुँचको अवधारणाअनुरुप प्रवर्धनात्मक, प्रतिकारात्मक, उपचारत्मक, पुनर्स्थापनात्कम तथा प्रशामक सेवालाई एकीकृत रूपमा विकास तथा विस्तार गरिनेछ।

६. स्वास्थ्य क्षेत्रमा सरकारी, निजी तथा गैरसरकारी क्षेत्रबीचको सहकार्य र साझेदारीलाई प्रवर्द्धन, व्यवस्थापन तथा नियमन गर्नुका साथै स्वास्थ्य शिक्षा, सेवा तथा अनुसन्धानका क्षेत्रमा आन्तरिक तथा बाह्य लगानीलाई प्रोत्साहन एवं संरक्षण गरिनेछ।

७. आयुर्वेद, प्राकृतिक चिकित्सा, योग, होमियोप्याथीकलगायतका चिकित्सा प्रणालीलाइ एकीकृत रुपमा विकास र विस्तार गरिनेछ।

८. स्वास्थ्य सेवालाई सर्वसुलभ, प्रभावकारी तथा गुणस्तरीय बनाउन जनसङ्ख्या, भूगोल र संघीय संरचनाअनुरुप सीपमिश्रित दक्ष जनशक्तिको विकास तथा विस्तार गर्दै स्वास्थ्य सेवालाई व्यवस्थित गरिनेछ ।

९. सेवाप्रदायक व्यक्ति तथा संस्थावाट प्रदान गरिने स्वास्थ्य सेवालाई प्रभावकारी, जवाफदेही र गुणस्तरीय बनाउन स्वास्थ्य व्यवसायी परिषद्हरुको संरचनाको विकास, विस्तार तथा सुधार गरिनेछ ।

१०. गुणस्तरीय औषधि तथा प्रविधिजन्य स्वास्थ्य सामग्रीको आन्तरिक उत्पादनलाई प्रोत्साहन ग्दै, कुशल उत्पादन, आपूर्ति, भण्डारण र वितरणलाई नियमन तथा प्रभावकारी व्यवस्थापन मार्फत पहुँच एवं सुमचित प्रयोग सुनिश्चित गरिनेछ ।

११. सरुवा रोग, किटजन्य रोग, पशुपन्छीजन्य रोग, जलवायु परिवर्तन र अन्य रोग तथा महामारी नियन्त्रणलगायत विपद् व्यवस्थापन पूर्वतयारी तथा प्रतिकार्यको एकीकृत उपायहरु अवलम्बन गरिनेछ ।

१२. नसर्ने रोगहरुको रोकथाम तथा नियन्त्रणका लागि व्यक्ति, परिवार, समाज तथा सम्बन्धित निकायलाई जिम्मेवार बनाउँदै एकीकृत स्वास्थ्य प्रणालीको विकास तथा विस्तार गरिनेछ।

१३. पोषणको अवस्थालाई सुधार गर्न, मिसावटयुक्त तथा हानिकारक खालाई निरुत्साहित गर्दै गुणस्तरीय एवं स्वास्थ्यवर्धक खाद्यपदार्थको प्रवर्द्धन, उत्पादन, प्रयोग र पहुँचलाई विस्तार गरिनेछ ।

१४. स्वास्थ्य अनुसन्धानलाई अन्तर्राष्ट्रिय मापदण्डअनुरूप गुणस्तरीय बनाउँदै अनुसन्धानबाट प्राप्त प्रमाण र तथ्यहरुलाई नीति निर्माण, योजना तर्जुमा तथा स्वास्थ्य पद्धतिको विकासमा प्रभावकारी उपयोग गरिनेछ ।

१५. स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीलाई आधुनिकीकरण, गुणस्तरीय तथा प्रविधिमैत्री बनाई एकीकृत स्वास्थ्य सूचना प्रणालीको विकास गरिनेछ।

१६. स्वास्थ्यसम्बन्धी सूचनाको हक तथा सेवाग्राहीले उपचारसम्बन्धी जानकारी पाउने हकको प्रत्याभूति गरिनेछ।

१७. मानसिक स्वास्थ्य, मुख, आँखा, नाक, कान, घाँटी स्वास्थ्य सेवालगायतका विशेष उपचार सेवालाई विकास र विस्तार गरिनेछ।

१८. अस्पताललगायत सबै प्रकारका स्वास्थ्य संस्थाबाट प्रदान गरिने सेवाको गुणस्तर सुनिश्चित गरिनेछ।

१९. स्वास्थ्य क्षेत्रको नीतिगत, संगठनात्मक तथा व्यवस्थापकीय संरचनामा समयानुकूल परिमार्जन तथा सुधार गर्दै सुशासन कायम गरिनेछ।

२०. जीवनपथको अवधारणाअनुरुप सुरक्षित मातृत्व, बालस्वास्थ्य, किशोरी तथा प्रजनन स्वास्थ्य, पौढ तथा जेष्ठ नागरिकलगायतका सेवाको विकास तथा विस्तार गरिनेछ ।

२१. स्वास्थ्य क्षेत्रको दिगो विकासका लागि आवश्यक वित्तीय स्रोत तथा विशेष कोषको व्यवस्था गरिनेछ ।

२२. बढ्दो सहरीकरण, आन्तरिक तथा बाह्य बसाइसराइजस्ता विषयहरुको समयानुकूल व्यवस्थापन गर्दै यसवाट हुने जनस्वास्थ्य सम्बन्धी समस्याहरुलाई समाधान गरिनेछ ।

२३. जनसाङ्ख्यिक तथ्यांक व्यवस्थापन, अनुसन्धान तथा विश्लेषण गरी निर्णय प्रक्रिया तथा कार्यक्रम तर्जुमासँग आवद्ध गरिनेछ ।

२४. प्रति-जैविक प्रतिरोधलाई न्यूनीकरण गर्दै संक्रामक रोग नियन्त्रण तथा व्यवस्थापनका लागि एकद्धार स्वास्थ्य पद्धतिको विकास तथा विस्तार गरिनुका साथै वायु प्रदूषण, ध्वनी प्रदूषण, जल प्रदूषणलगायतका वातावरणीय प्रदूषणका साथै खाद्यान्न प्रदूषणलाई वैज्ञानिक ढंगले नियमन तथा नियन्त्रण गरिनेछ ।

२५. आप्रवासन प्रक्रियावाट जनस्वास्थ्यमा उत्पन्न हुनसक्ने जोखिमलाई न्यूनीकरण गर्न तथा विदेशमा रहेका नेपाली नागरिकहरुको स्वास्थ्य सुरक्षाका लागि समुचित व्यवस्थापन गरिनेछ।

२. कार्यक्षेत्र

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०८३ अनुसार स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले सम्पादन गर्नुपर्ने कार्यहरू निम्न बमोजिम रहेका छनः

१. स्वास्थ्य तथा पोषणसम्बन्धी नीति, कानून र मापदण्ड,

२. राष्ट्रियस्तरमा प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुनर्स्थापनात्मक निवारणसम्बन्धी स्वास्थ्य नीति, कानून र मापदण्ड,

३. स्वास्थ्यसम्बन्धी प्राज्ञिक, व्यवसायिक र पेसागत सङ्घ संस्थासम्बन्धी नीति, कानून र मापदण्ड,

४. राष्ट्रिय तथा केन्द्रीय अस्पताल, स्वास्थ्य प्रतिष्ठानहरूको स्थापना, सञ्चालन र नियमन,

५. नर्सिङ्होम लगायतका स्वास्थ्य संस्था स्थापना तथा सञ्चालनसम्बन्धी नीति, कानून, मापदण्ड र नियमन,

६. अस्पताल एवम् स्वास्थ्य संस्थाको प्रत्यायन,

७. विशिष्ट सेवाप्रदायक अस्पतालसम्बन्धी नीति, कानून, मापदण्ड र नियमन,

८. औषधी, स्वास्थ्य सामग्री तथा स्वास्थ्य प्रविधिको उत्पादन र विकास, सञ्चय, बिक्री वितरण, अन्तिम विसर्जनसम्बन्धी गुणस्तर, मापदण्ड र नियमन,

९. आयुर्वेदिक, युनानी, आम्ची, होमियोप्याथिक, प्राकृतिक चिकित्सा लगायतका परम्परागत स्वास्थ्य उपचार सेवासम्बन्धी नीति, कानून र मापदण्ड,

१०. सर्ने र नसर्ने रोग रोकथाम तथा नियन्त्रणसम्बन्धी नीति तथा मापदण्ड,

११. अन्तर्राष्ट्रिय स्वास्थ्य नियमन,

१२. स्वास्थ्य बीमा तथा सामाजिक स्वास्थ्य सुरक्षा,

१३. स्वास्थ्य तथा जनसङ्ख्या क्षेत्रको मानवस्रोत विकास र व्यवस्थापन,

१४. स्वास्थ्य सेवा तथा वस्तुको शुल्कसम्बन्धी नीति, कानून, मापदण्ड र नियमन,

१५. औषधी निगरानी र नियमन,

१६. औषधी खरिद तथा आपूर्ति व्यवस्थासम्बन्धी नीति, कानून, मापदण्ड र नियमन,

१७. अति आवश्यक स्वास्थ्य सामग्री (खोप र परिवार नियोजनका साधन) आपूर्ति तथा व्यवस्थापन,

१८. स्वास्थ्य विज्ञानसम्बन्धी अध्ययन र अनुसन्धानसम्बन्धी मापदण्ड,

१९. जडीबुटी, जान्तव र खनिज (हर्बल, एनिमल र मिनरल) को औषधीय अनुसन्धान,

२०. स्वास्थ्य सूचना प्रणाली व्यवस्थापन र स्वास्थ्य लेखा पद्धति,

२१. राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय चासोका जनस्वास्थ्य समस्याको निगरानी,

२२. आधारभूत स्वास्थ्य सेवा र क्षेत्रको मापदण्ड,

२३. विभिन्न तहमा आवश्यक पर्ने स्वास्थ्य सेवाको राष्ट्रिय प्रोटोकल,

२४. राष्ट्रिय रिफरेन्स प्रयोगशाला र परीक्षण केन्द्रको स्थापना, सञ्चालन र नियमन,

२५. स्वास्थ्य पर्यटन प्रवर्द्धनसम्बन्धी समन्वय,

२६. जनस्वास्थ्यसम्बन्धी आपतकालीन अवस्था, स्वास्थ्य क्षेत्रमा विपद् र महामारी व्यवस्थापन,

२७. आपतकालीन अवस्थाका लागि औषधी तथा औषधीजन्य सामग्रीको मौज्दात (बफरस्टक) व्यवस्थापन,

२८. आकस्मिक स्वास्थ्य सेवा प्रवाह तथा रिफरल पद्धतिको विकास,

२९. जनसङ्ख्या, बसाइसराइ, परिवार नियोजन, मातृशिशु कल्याण, प्रजनन स्वास्थ्यसम्बन्धी राष्ट्रिय नीति, कानून र मापदण्ड,

३०. राष्ट्रियस्तरमा जनसङ्ख्यासम्बन्धी अध्ययन, अनुसन्धान एवम् प्रक्षेपण सूचना प्रणाली,

३१. बसाइसराइ सर्वेक्षण तथा स्थिति विश्लेषण,

३२. सरसफाइ तथा स्वच्छतासम्बन्धी नीति, कानून, मापदण्ड तथा कार्यक्रमहरू,

३३. खाद्य स्वच्छतासम्बन्धी नीति, कानून, मापदण्ड र नियमन,

३४. खाद्य क्वारेन्टाइन, खाद्य प्रविधि तथा गुण नियन्त्रणसम्बन्धी कार्यहरू,

३५. मन्त्रालयसम्बन्धी राष्ट्रिय अन्तर्राष्ट्रिय सङ्घसंस्थासंग सन्धि, सम्झौता, सम्पर्क र समन्वय,

३६. मन्त्रालयसम्बन्धी सार्वजनिक संस्थान, प्राधिकरण, समिति, प्रतिष्ठान, कम्पनी आदिको सञ्चालन र नियमन,

३७. नेपाल स्वास्थ्य सेवाको सञ्चालन।

३. मन्त्रालयमा कार्यरत कर्मचारी संख्या

- स्थायी दरबन्दीमा कार्यरत कर्मचारी (दरबन्दी र फाजिल समेत) संख्याः११०
- सेवा करारमा कार्यरत कर्मचारी संख्याः ३७
- छात्रवृत्ति करारमा कार्यरत कर्मचारी संख्याः ११ जना
- जम्मा कर्मचारी संख्या (सेवा करार समेत) : १५८

४. मन्त्रालयका महाशाखाहरुको कार्यविवरण

४.१. नीति, योजना, तथा अनुसन्धान महाशाखा

४.१.१. नीति, योजना तथा बजेट शाखा

- स्वास्थ्य तथा पोषण सम्बन्धी नीति, रणनीति, कानून र मापदण्ड तर्जुमा गर्ने।
- स्वास्थ्य क्षेत्रसम्बन्धी संघीय, प्रादेशिक तथा स्थानीय तहका अल्पकालीन, मध्यकालीन तथा दीर्घकालीन नीति, रणनीति तथा योजना तर्जुमा गर्ने।
- स्वास्थ्य नीति तथा रणनीतिको समीक्षा तथा विश्लेषण गरी सुधारका लागि नीतिगत सुझाव तयार गर्ने।

- स्वास्थ्य क्षेत्रको आवधिक तथा वार्षिक योजना, कार्यक्रम तथा बजेट तर्जुमा गर्ने।
- मन्त्रालय र अन्तर्गतका निकायहरूमा विनियोजित बजेट तथा खर्चको विश्लेषण गर्ने।
- मन्त्रालय तथा अन्तर्गतका निकायको बजेट तथा स्रोत विनियोजनसम्बन्धी कार्य गर्ने।
- स्वास्थ्य क्षेत्रमा प्राप्त वैदेशिक सहायता तथा अन्य स्रोतको परिचालन र उपयोगसम्बन्धी नीतिगत समन्वय गर्ने।
- स्वास्थ्य क्षेत्रको पूर्वाधार तथा भौतिक साधन सम्बन्धी योजना तथा आपूर्ति व्यवस्थापनसम्बन्धी नीति तर्जुमा गर्ने।
- खाद्य, जनसङ्ख्या, बसाइँसराइ, औषधि, आयुर्वेद तथा वैकल्पिक चिकित्सा प्रणालीसम्बन्धी नीति, रणनीति, योजना, कार्यक्रम तथा बजेट तर्जुमा गर्ने।
- राष्ट्रियस्तरमा प्रवर्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पूनर्स्थापनात्मक र निवारण सम्बन्धी स्वास्थ्य नीति, मापदण्ड तथा रणनीति तर्जुमा गर्ने।
- औषधी खरिद तथा आपूर्ति व्यवस्था सम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा गर्ने।
- सरसफाई तथा स्वच्छता सम्बन्धी नीति, कानून, मापदण्ड तथा कार्यक्रम तर्जुमा गर्ने।
- खाद्य स्वस्च्छता सम्बन्धी नीति, कानून र मापदण्ड तर्जुमा गर्ने।
- स्वास्थ्य क्षेत्रको स्रोत परिचालन, वित्तीय दिगोपना तथा वैकल्पिक वित्तीय व्यवस्थापनसम्बन्धी नीति तथा रणनीति तर्जुमा गर्ने।
- स्वास्थ्य वित्त, राष्ट्रिय स्वास्थ्य लेखा तथा स्वास्थ्य क्षेत्रको वित्तीय विश्लेषणसम्बन्धी कार्य गर्ने।
- जनस्वास्थ्य कार्यक्रम तथा स्वास्थ्य प्रविधिको लागत-प्रभावकारिता, लागत-लाभ, लागत-उपयोगिता तथा बजेट प्रभाव विश्लेषण गर्ने।
- स्वास्थ्य प्रविधि मूल्याङ्कन (Health Technology Assessment) तथा स्वास्थ्य क्षेत्रमा प्राथमिकीकरण र स्रोत विनियोजनसम्बन्धी अध्ययन गर्ने।

४.१.२. अनुगमन, मुल्यांकन तथा अनुसन्धान शाखा

- स्वास्थ्य नीति, योजना, कार्यक्रम तथा आयोजनाको अनुगमन तथा मूल्याङ्कन गर्ने।
- स्वास्थ्य कार्यक्रमको कार्यसम्पादन, प्रभावकारिता, कार्यदक्षता तथा प्रभावको विश्लेषण गरी सुधारका लागि पृष्ठपोषण प्रदान गर्ने।

- अनुगमन तथा मूल्याङ्कनसम्बन्धी सूचक, मापदण्ड तथा ढाँचा विकास गर्ने।
- स्वास्थ्य क्षेत्रको प्रगति तथा प्रमुख स्वास्थ्य सूचकहरू तयार गर्ने, विश्लेषण तथा समीक्षा गर्ने।
- विकास समस्या समाधान समितिको कार्यमा आवश्यक सहजीकरण गर्ने।
- विभिन्न निकायमा पेश गर्नुपर्ने स्वास्थ्यसम्बन्धी प्रतिवेदन तयार गरी पेश गर्ने।
- संघ, प्रदेश तथा स्थानीय तहबाट सञ्चालित स्वास्थ्य कार्यक्रमको अनुगमन गर्ने।
- संघ, प्रदेश तथा स्थानीय तहबाट सञ्चालित स्वास्थ्य कार्यक्रमको समीक्षा गर्न सहजीकरण गर्ने।
- तथ्यमा आधारित स्वास्थ्य नीति तथा रणनीति, योजना तर्जुमा गर्न स्वास्थ्य क्षेत्रका अनुसन्धान क्षेत्र, प्राथमिकता तथा बिषय निर्धारण गर्ने।
- स्वास्थ्यसम्बन्धी नीति, योजना तथा कार्यक्रमको अनुसन्धान, प्रभाव मूल्याङ्कन तथा कार्यगत अनुसन्धान गर्ने/गराउने।
- नयाँ स्वास्थ्य कार्यक्रम तथा स्वास्थ्य सेवाको पाइलट परीक्षण तथा मूल्याङ्कन गर्ने/गराउने।
- आधारभूत स्वास्थ्य सेवा, स्वास्थ्य बीमाको सेवा प्रवाह लगायत जनस्वास्थ्यका कार्यक्रमहरूको अध्ययन/अनुसन्धान गर्ने/गराउने।
- स्वास्थ्य अनुसन्धानमा संलग्न सरकारी, गैरसरकारी तथा शैक्षिक संस्थाबीच समन्वय गर्ने।
- स्वास्थ्यसम्बन्धी अनुसन्धानबाट प्राप्त प्रमाणलाई नीति तथा कार्यक्रम निर्माणमा उपयोग गर्न सहजीकरण गर्ने।
- राष्ट्रियस्तरमा सञ्चालन हुने स्वास्थ्यसम्बन्धी सर्वेक्षण, रजिष्ट्री तथा अनुसन्धानको नेतृत्व तथा समन्वय गर्ने।

४.१.३. चिकित्सा सेवा, तथा शिक्षा अनुसन्धान शाखा

- चिकित्सा शिक्षासम्बन्धी नीति, योजना तथा कार्यक्रम तर्जुमा गर्न सहजीकरण गर्ने।
- स्वास्थ्य विज्ञान प्रतिष्ठान, परिषद, बोर्ड, कानून बमोजिम बनेका समिति, विश्वविद्यालय, मेडिकल कलेज, चिकित्सा शिक्षा आयोग तथा स्वास्थ्य शिक्षण संस्थाबीच समन्वय गर्ने।
- अस्पताल तथा चिकित्सा सेवाको गुणस्तर र बिरामी सुरक्षाको अभिवृद्धिसम्बन्धी नीतिगत व्यवस्था गर्न सहजीकरण गर्ने।

- स्वास्थ्य सम्बन्धी प्राज्ञिक, व्यावसायिक र पेशागत सङ्घ संस्था सम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा गर्ने।
- मेडिको-लिगल सेवासम्बन्धी नीति, मापदण्ड तथा कार्यक्रम तर्जुमा गर्न सहजीकरण गर्ने।
- स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धमा आवश्यक नीतिगत तथा समन्वयात्मक कार्य गर्ने।
- स्वास्थ्य विज्ञान प्रतिष्ठान, अस्पताल, विश्वविद्यालय, मेडिकल कलेज तथा स्वास्थ्यसम्बन्धी विभिन्न परिषद्का पदाधिकारी नियुक्ति, सदस्य चयन लगायतका प्रशासनिक कार्यमा सम्पर्क तथा समन्वय शाखाको रूपमा कार्य गर्ने।
- चिकित्सा शिक्षा आयोग सँगको सहकार्यमा छात्रवृतिमा अध्ययन गर्ने जनशक्तिको आवश्यकता पहिचान गर्ने।
- छात्रवृत्तिमा अध्ययनरत चिकित्सक तथा स्वास्थ्यकर्मीको परिचालन तथा व्यवस्थापनमा सम्पर्क तथा समन्वय शाखाको रूपमा कार्य गर्ने।
- चिकित्सा सेवा तथा शिक्षासम्बन्धी संस्थागत व्यवस्था, सेवा प्रवाह तथा कार्यक्रमको समीक्षा गरी सुधारका लागि सुझाव दिने।

<u>४.२. स्वास्थ्य, खाद्य स्वच्छता तथा औषधी गुणस्तर नियमन महाशाखा:</u>

४.२.१ स्वास्थ्य संस्था मापदण्ड तथा गुणस्तर नियमन शाखा

- सरकारी अस्पताल, निजी नर्सिङ होम र अस्पताल लगायतका स्वास्थ्य संस्थाहरू, मेडिकल कलेज, विशषेज्ञ तथा विशिष्टिकृत अस्पताल, डेन्टल अस्पताल, वैकल्पिक चिकित्सा, आयुर्वेद, प्रयोगशाला, रक्तसंचार सेवा, रेडियोलोजी तथा ईमेजीङ सेवा लगायतका सेवाहरूको मापदण्ड निर्धारण तथा कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन गर्ने।
- स्वास्थ्य संस्थाहरूबाट प्रदत सेवाको गुणस्तर मापन र पृष्ठपोषण गर्ने।
- स्वास्थ्य संस्थाहरूबाट प्रदान गरिने स्वास्थ्य सेवाको प्रभावकारिता अध्ययन तथा मूल्याङ्कन गर्ने।
- औषधि व्यवस्था सम्बन्धी नीति तथा गुणस्तर निर्धारण गर्ने।

- सरकारी तथा निजी क्षेत्रबाट प्रवाहित स्वास्थ्य सम्बन्धी सेवाहरूको गुणस्तर निर्धारण, गुणस्तर नियमन।
- मापन मापदण्ड निर्धारण गरी सो को कार्यान्वयन भए नभएको लेखाजोखा गर्ने
- स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नती मापदण्ड सम्बन्धी निर्देशिका
- औषधि व्यवस्था विभाग र अन्तर्गतको नीतिगत विषय, आयुर्वेद औषधालय, चिकित्सा सम्बन्धी मापदण्ड तयार पार्ने।
- स्वास्थ्य संस्थाहरूबाट प्रदत सेवाको गुणस्तर मापन गर्ने।
- आयुर्वेद औषधालय, चिकित्सा सम्बन्धी मापदण्ड तयार गर्ने।
- सरकारी तथा निजी संस्थाहरुबाट संचालित आयुर्वेद तथा वैकल्पिक स्वास्थय संस्थाबाट प्रदान गरिने सेवाको प्रभावकारीताको अनुगमन तथा निरिक्षण तथा आवश्यक मागदर्शन ।
- अस्पताल सेवा सञ्चालन सम्बन्धी मापदण्ड निर्धारण तथा कार्यान्वयनको व्यवस्था गर्ने।
- मन्त्रालय र अन्तर्गतका अस्पताल लगायतका निकायमा प्रयोगमा आउने भौतिक सामाग्रीहरूको मापदण्ड निर्धारण तथा कार्यान्वयन मार्गदर्शन सम्बन्धि कार्य गर्ने।
- मन्त्रालय र अन्तर्गत सरकारी, गैरसरकारी, अर्धसरकारी तथा समितिहरूबाट सञ्चालित कार्यक्रमहरूको सामयिक निरीक्षण गर्ने।
- अस्पतालको मेशिनरी औजार तथा भौतिक व्यवस्था सम्बन्धमा आवश्यक मापदण्ड निर्धारण र नियमन गर्ने।
- अन्तराष्ट्रिय स्वास्थ्य नियमन (International Health Regulation) सम्बन्धी कार्य गर्ने।
- संघीय अस्पतालको न्यनूतम सेवा मापदण्ड कार्यान्वयन गर्ने गराउने

४.२.२. आयुर्वेद तथा वैकल्पिक चिकित्सा शाखा

- आयुर्वेद तथा वैकल्पिक चिकित्सा सेवाको नीति, योजना र कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गर्ने।
- आयुर्वेद, योग, प्राकृतिक चिकित्सा, होमियोप्याथी लगायतका वैकल्पिक चिकित्सा पद्धतिको प्रवर्द्धन र विकास गर्ने।

- आयुर्वेद तथा वैकल्पिक चिकित्सा सेवा प्रदान गर्ने स्वास्थ्य संस्थाहरूको सञ्चालन, व्यवस्थापन तथा अनुगमन गर्ने।
- आयुर्वेदिक तथा वैकल्पिक चिकित्सा सेवाको गुणस्तर सुधार र मापदण्ड निर्धारण गर्ने।
- आयुर्वेदिक औषधि तथा उपचार पद्धतिको प्रयोग, संरक्षण, विकास र प्रवर्द्धन गर्ने।
- जडीबुटी तथा औषधीय वनस्पतिको संरक्षण, उत्पादन र उपयोग सम्बन्धी कार्यक्रम सञ्चालन तथा समन्वय गर्ने।
- आयुर्वेद तथा वैकल्पिक चिकित्सा क्षेत्रमा आवश्यक जनशक्ति विकास, तालिम तथा क्षमता अभिवृद्धि गर्ने।
- आयुर्वेदिक औषधिको गुणस्तर, सुरक्षा र प्रभावकारिता सम्बन्धी कार्यमा सम्बन्धित निकायसँग समन्वय गर्ने।
- आयुर्वेद तथा वैकल्पिक चिकित्सा सम्बन्धी अनुसन्धान, अध्ययन र नवप्रवर्तनलाई प्रोत्साहन गर्ने।
- नागरिकमा आयुर्वेद, योग तथा स्वस्थ जीवनशैलीसम्बन्धी जनचेतना अभिवृद्धि गर्ने।
- आयुर्वेद तथा वैकल्पिक चिकित्सा सम्बन्धी कानुन, नियम, निर्देशिका तथा मापदण्ड निर्माणपरिमार्जनमा सहयोग गर्ने। /
- शाखालाई तोकिएका अन्य प्रशासनिक तथा प्राविधिक कार्यहरू सम्पादन गर्ने।

४.२.३ खाद्य गुणस्तर नियमन शाखा

- खाद्य श्रृंखलाका सम्पूर्ण सरोकारवालाहरूलाई खाद्य स्वच्छता तथा गुणस्तर सम्बन्धि शिक्षा, सूचना र प्रचारप्रसारमा पहुँच विस्तार गर्दै वैज्ञानिक पद्धतीमा आधारित खाद्य स्वच्छता तथा -गुणस्तर व्यवस्थापन प्रणालीहरूको विकासका लागि आवश्यक समन्वय गर्ने।
- राष्ट्रिय एवम् अन्तराष्ट्रिय खाद्य स्वच्छता प्रणालीहरू जस्तैः GSA(Good Agricultural Practice), GMP(Good Manufacturing Practice), GHP(Good Hygienic Practice), HACCP(Hazard Analysis and Critical Control Point) कार्यन्वयनका लागि नियामक निकाय, खाद्य उद्योग व्यवसायी तथा अन्य सरोकारवालाहरूको/क्षमता अभिवृद्धिका लागि आवश्यक समन्वय गर्ने।

- दूषित खाद्य पदार्थको उपभोगबाट उत्पन्न हुने रोगहरूको फैलावटको रोकथाम तथा व्यवस्थापन गर्ने प्रणालीको विकास गरि त्यस्ता जोखिमहरूको पूर्वसूचना व्यवस्थापनका लागि फुड ईपिडेमीयलोजी सर्भिलेन्स लगायतका प्रणालीहरूको विकास गर्ने।
- खाद्य पदार्थका माध्यमबाट फैलने सक्ने रोगव्याधि एवम् महामारी सम्बन्धमा अंगाल्नुपर्ने सतर्कताका बारेमा खाद्य नियामक निकाय लगायतका सरोकारवाला निकायहरूबीच प्रभावकारी सूचना, संचार तथा समन्वयको व्यवस्थापन गर्ने।
- खाद्यजन्य रोगव्याधि तथा महामारी (Food-Borne Disease Out-Break) को अवस्थामा सम्बन्धित निकायहरूसंगको सहकार्यमा तत्काल न्यूनीकरण र निराकरणको व्यवस्थापन र प्रबन्ध गर्ने।
- खाद्यजन्य रोगव्याधि तथा महामारीको तथ्यांक संकलन, विश्लेषण र मूल्यांकनका साथै पुनरावलोकनका लागि आवश्यक पद्धतिको विकास गर्न सहयोग गर्ने।
- खाद्य क्षेत्रको नियमनमा देखापरेका दोहोरोपनलाई एकरुपता कायम गर्न आवश्यक समन्वय गर्ने।
- खाद्य पदार्थमा हुन सक्ने जोखिमबाट उपभोक्ताहरूलाई बचाउन, जोखिममा आधारित खाद्य स्वच्छता तथा गुण नियन्त्रण प्रणाली अवलम्बन गर्न सरोकारवालाहरूसंग मिलेर प्रभावकारी नियमनको लागि आवश्यक समन्वय गर्ने।
- खाद्य पदार्थको आयातनिर्यात निरीक्षणका आधारभूत पक्षलाई समेट्दै विभिन्न देशहरूबाट / आयातित खाद्य पदार्थहरू तथा स्वदेशमा उत्पादन भएका खाद्य पदार्थहरूको नियमनका लागि सरोकारवालाहरूसंग उचित समन्वय गर्ने
- खाद्य परीक्षण प्रयोगशालाका लागि नीतिगत ढाँचा तथा न्यूनतम् मापदण्ड निर्धारणका लागि समन्वय गर्ने ।
- खाद्य स्वच्छता तथा खाद्य व्यापार सँग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धि सम्झौता कार्यान्वयन सम्बन्धमा सरोकारवालहरुसँग आवश्यक समन्वय गर्ने ।
- खाद्य स्वच्छता तथा गुणस्तर सम्बन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा र कार्यान्वयन समन्वय गर्ने ।

४.२.४ औषधि गुणस्तर नियमन शाखा

- औषधि, स्वास्थ्य सामग्री, र स्वास्थ्य प्रविधिको उत्पादन, विकास, सञ्चय, र बिक्रीवितरण - सम्बन्धी राष्ट्रिय नीति तथा कानुन तर्जुमा गर्ने।
- औषधि सम्बन्धी ऐन तथा नियमावलीहरूलाई समयसापेक्ष परिमार्जन गर्न मन्त्रालयलाई कानुनी राय र मस्यौदा उपलब्ध गराउने।
- औषधिको दर्ता, निरीक्षण, र बजार इजाजतपत्र दिने केन्द्रीय निकाय औषधि व्यवस्था विभाग को कामकारबाहीको नीतिगत लेखाजोखा र निर्देशन दिने।
- विपद् वा महामारीको समयमा देशमा औषधिको अभाव हुन नदिन आकस्मिक औषधि बफर " व्यवस्थापन सम्बन्धी नीतिगत समन्वय गर्ने। "स्टक
- जनस्वास्थ्यमा प्रतिकूल असर पार्ने वा प्रतिबन्धित गरिएका औषधि एवं औषधीजन्य सामग्रीहरूको पैठारी र प्रयोगमा रोक लगाउने।
- राष्ट्रिय स्तरमा प्रतिजैविक प्रतिरोध (AMR) सम्बन्धी क्रियाकलापहरुको कार्यान्वयनमा समन्वय गर्ने।

४.३. जनस्वास्थ्य समन्वय तथा सूचना प्रविधि महाशाखा

४.३.१. स्वास्थ्य समन्वय, जनसङ्ख्या तथा सूचना व्यवस्थापन शाखा

- मन्त्रालय सम्बन्धी राष्ट्रिय सहजीकरण र समन्वय, सम्पर्क, सम्झौता, अन्तर्राष्ट्रिय संघसंस्थासँग सन्धि गर्ने।
- स्वास्थ्य सम्बन्धी कार्य गर्ने बिभिन्न सरोकारवाला संघ संस्था, संयुक्त राष्ट्र संघ, द्विपक्षीय तथा बहुपक्षीय संघ संस्था, कुटनीतिक नियोग, राष्ट्रिय/अन्तर्राष्ट्रिय गैरसरकारी संस्था आदि) सँग समन्वय र सहजीकरण गर्ने।
- वैदेशिक सहायता, वस्तुगत अनुदान, ऋण सहायता, आदिको प्रभावकारी परिचालन र उपयोग गर्न समन्वय र सहजिकरण गर्ने।
- नेपाल सरकार र विदेशी संस्थाबीच भएको सम्झौता बमोजिम कर, भन्सार छुट लगायतका अन्य विषय सम्बन्धि सहजीकरण गर्ने।
- वैदेशिक मनोनयनको लागि आवश्यक समन्वय र सहजीकरण गर्ने।

- राष्ट्रिय स्तरमा बहुपक्षीय तथा बहुआयामिक सरोकारका स्वास्थ्यसम्बन्धी विषयहरू (स्वास्थ्य प्रवर्द्धन, कृषि तथा पशु स्वास्थ्य, महिला तथा बालबालिका, खानेपानी तथा सरसफाइ, वातावरणीय स्वास्थ्य, जलवायु परिवर्तन, प्रतिजैविक प्रतिरोध, सडक दुर्घटना, औद्योगिक तथा पेशागत स्वास्थ्य र आप्रवासी स्वास्थ्य आदि) मा सम्बन्धित सरोकारवाला निकायहरूसँग समन्वय गरी आवश्यक कार्य गर्ने।
- स्वास्थ्य पर्यटन प्रवर्धन गर्न आवश्यक समन्वय र सहजीकरण गर्ने।
- प्रदेश तथा स्थानीय तहमा स्वास्थ्यका कार्यक्रमहरु सञ्चालन गर्न आवश्यक समन्वय सहजीकरण तथा प्राविधिक सहयोग उपलब्ध गराउन सम्पर्क इकाइको रुपमा कार्य गर्ने।
- जनसङ्ख्या, बसाइँसराई तथा आप्रवासन स्वास्थ्य सम्बन्धी ऐन, नियमावली, नीति, निर्देशिका, योजना तर्जुमा र कार्यक्रम कार्यान्वयनको अनुगमन, मूल्याङ्कन र समन्वय गर्ने।
- राष्ट्रिय स्तरमा जनसङ्ख्या, बसाइँसराइ तथा आप्रवासन स्वास्थ्यसम्बन्धी अध्ययन, अनुसन्धान, सर्वेक्षण, स्थितिको विश्लेषण तथा प्रक्षेपण गर्ने र सूचना प्रणालीको विकास, कार्यान्वयन तथा समन्वय गर्ने।
- स्वास्थ्य क्षेत्रका लागि बिभिन्न तहमा निमार्ण गरिने नीति तथा कार्यक्रमहरुलाई जेसी संवेदनशील बनाई जेसी अवधारणालाई संस्थागत गर्न जेसी सम्वद्ध नीति तर्जुमा, समन्वय, अनुगमन र मूल्याङ्कन लगायतका कार्य गर्ने।
- स्वास्थ्य क्षेत्रका वार्षिक कार्यक्रम तथा बजेटलाई जेसी उत्तरदायी बनाउन संघ, प्रदेश, स्थानीय तह तथा अन्य सरोकारवालाहरूसँग आवश्यक समन्वय र सहजीकरण गर्ने।
- लैङ्गिक हिंसा व्यवस्थापन सम्बन्धी एकद्वार संकट व्यवस्थापन केन्द्र (OCMC), सामाजिक सेवा इकाई, जेरियाट्रिक स्वास्थ्य सेवा सम्बन्धी कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन र सेवा सुदृढीकरणका लागि आवश्यक समन्वय र सहजीकरण गर्ने।

४.३.२. सूचना प्रविधि तथा इ-हेल्थ शाखा

- स्वास्थ्य क्षेत्रमा सूचना प्रविधि (Digital Health Initiatives), डिजिटल स्वास्थ्य तथा विद्युतीय सुशासनसम्बन्धी नीति, रणनीति, मापदण्ड, आर्किटेक्चर, कार्ययोजना तथा रोडम्याप तर्जुमा गरी कार्यान्वयन, समन्वय, अनुगमन तथा सहजीकरण गर्ने।

- राष्ट्रिय, प्रदेश तथा स्थानीय तह स्तरसम्म हुनेगरी स्वास्थ्य क्षेत्र सम्वद्ध विभिन्न सूचना प्रणाली तथा पन्जीकरणहरुको विकास र विस्तार, मानकिकरण, अन्तर-आबद्धता, सञ्चालन र मातहतका निकायमा प्रभावकारी कार्यान्वयन गर्न आवश्यक प्राबिधिक सहजीकरण र समन्वय गर्ने।
- स्वास्थ्य सूचना तथा तथ्याङ्कको सुशासन (Data Governance), विद्युतीय स्वास्थ्य अभिलेख (Electronic Health Record), साइबर सुरक्षा (Cyber Security) , तथ्याङ्क गुणस्तर लेखाजोखा (Data Quality Audit) तथा तथ्याङ्कको गोपनीयता, स्वामित्व, पहुँच, साझेदारी र उपयोगसम्बन्धी कार्यहरूको व्यवस्थापन तथा सहजीकरण गर्ने।
- मन्त्रालय र मातहतका निकायका आवश्यक सूचना प्रणाली, Portal, Website तथा IT सेवाहरूको सञ्चालन, व्यवस्थापन, समन्वय र सहजीकरण गर्ने।
- स्वास्थ्य क्षेत्रमा सूचना प्रविधि तथा डिजिटल स्वास्थ्य सम्बन्धी अनुसन्धान, नवप्रवर्तन तथा उदयीमान प्रविधिको सुरक्षित र उपयोगी प्रयोगलाई प्रवर्द्धन गर्ने तथा सम्बन्धित प्राविधिक जनशक्तिको क्षमता विकास र प्राविधिक सहयोगको समन्वय र सहजीकरण गर्ने।
- सम्वद्ध निकायहरूसँगको सहकार्यमा मन्त्रालयको आधिकारीक सूचना प्रवाह गर्न समन्वय गर्ने।

<u>४.४. प्रशासन महाशाखा</u>

४.४.१. प्रशासन तथा मानव संशाधन व्यवस्थापन शाखा

- मन्त्रालयको आन्तरिक प्रशासन, कार्यालय व्यवस्थापन, सरसफाइ र आवश्यक भौतिक व्यवस्था गर्ने ।
- आन्तरिक कर्मचारी प्रशासन, आन्तरिक कार्य विभाजन, हाजिरी, विदा, रमाना, पालो पहरा, खटनपटनको व्यवस्थापन गर्ने ।
- कार्यालय भवन, परिसर, सवारी साधनहरूको मर्मतसंभार तथा व्यवस्थापन गर्ने ।
- मन्त्रालयको आन्तरिक जिन्सी सामानको आपूर्ति तथा व्यवस्था, जिम्मा तथा रेखदेख, संभार, संरक्षण, निरीक्षण तथा प्रतिवेदन सम्बन्धी कार्यहरू गर्ने ।
- आवश्यक जनशक्तिको दरवन्दी सिर्जना, नियुक्ति, सरुवा, पदस्थापना तथा बढुवा सम्बन्धि कार्य गर्न ।

- मन्त्रालय अन्तर्गत कर्मचारीको श्रेणी र तहगत दरवन्दी विवरण तथा कर्मचारी अभिलेख राख्ने।
- मन्त्रालय अन्तर्गतका कर्मचारीहरूको कार्यविवरण, कार्यसम्पादन, तालिम, विदा तथा अवकाश तथा विभागीय कारवाही गर्ने ।
- मन्त्रालय र अन्तर्गतको सङ्गठनात्मक संरचना प्रशासन सुधारका कार्यहरू गर्ने ।
- कार्यसम्पादन मूल्याङ्कन सम्बन्धी कार्य गरी सो मूल्याङकनको अभिलेख तथा व्यवस्थापन गर्ने।
- स्वास्थ्य सेवाका विभिन्न पदको बढुवाको लागि सचिवालय सम्बन्धी कार्य गर्ने ।
- स्तरवृद्धि सम्बन्धी कार्य गर्ने ।
- मानव संसाधन सूचना केन्द्रमा प्रविष्ट भएका पत्रको व्यक्तिगत फाइलमा अद्यावधिक गर्ने ।
- लामो अवधिका विदा तथा कारवाहीहरूको अभिलेख राख्ने ।
- अधिकृतस्तरका कर्मचारीहरूको व्यक्तिगत फाइल अद्यावधिक गर्ने ।
- मन्त्रालय अन्तर्गत सामान्य प्रशासन समूहका कर्मचारीहरूको सुपरीवेक्षण, अभिलेख, कार्यसम्पादन मूल्याङ्कन गर्ने ।
- कार्य सम्पादन सम्झौता र सो को अभिलेख गर्ने ।

४.४.२. आर्थिक प्रशासन शाखा

- आर्थिक योजना तथा सघींय आर्थिक प्रशासन नीति अनुसार कार्य गर्ने ।
- मन्त्रालय र अन्तर्गतको वित्तीय नीति तर्जुमा, बजेट, मन्त्रालयको केन्द्रीयस्तरको लेखा अन्तर्गत वार्षिक विनियोजन बाँडफाँड सम्बन्धी कार्यहरू गर्ने, गराउने ।
- मन्त्रालय र अन्तर्गतको लागि विनियोजित बजेटको निकासा, खर्च, लेखाङ्कन तथा प्रतिवेदन र लेखापरीक्षणसम्बन्धी कार्यहरू गर्ने, गराउने ।
- तर्जुमा, बजेट कार्यान्वयन, लेखापरीक्षण तथा बेरुजु फछ्र्योट, आर्थिक अनुशासन पालना सम्बन्धी कार्य गर्ने ।
- मन्त्रालयको आन्तरिक बजेट सञ्चालन गर्ने ।
- केन्द्रीय लेखा, लेखाप्रणाली तथा आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थापन गर्ने ।

- मन्त्रालय अन्तर्गतका छुटै ऐन र नियम अन्तर्गत स्थापना भएका प्रतिष्ठान, परिषद्, समितिहरूको आर्थिक प्रशासन नीति, निर्देशन, नियन्त्रण तथा समन्वय सम्बन्धी कार्यहरू गर्ने।
- नेपाल सरकारको आर्थिक प्रशासन र वित्तीय व्यवस्थापन सम्बन्धी विषयका कार्य गर्ने ।
- मन्त्रालय अन्तर्गत लेखा समूहका कर्मचारीहरूको सुपरीवेक्षण, अभिलेख, कार्यसम्पादन मूल्याङ्कन गर्ने ।

४.४.३. कानुन शाखा

- संघीयता कार्यान्वयको क्रममा स्वास्थसंग सम्बन्धित आवश्यक ऐन, नियमावलीहरु तर्जुमा एवम् परिमार्जन गर्ने ।
- प्रदेश तथा स्थानीय तहमा आवश्यक ऐन, नियमावलीहरु तर्जुमा गर्न सहजीकरण गर्ने ।
- मन्त्रालय र अन्तर्गतका निकायहरूको क्रियाकलाप सञ्चालनमा आवश्यक पर्ने ऐन नियम तथा विनियम तर्जुमा गर्ने, कार्यान्वयनको अनुगमन र कानूनी वाधा अड्चन फुकाउने सरसल्लाह दिने ।
- मन्त्रालय र अन्तर्गतका निकायहरुलाई आवश्यक पर्ने कानूनी राय सुझाव दिने ।
- मन्त्रालयसँग सम्बन्धित सरकारी मुद्धा मामिलासम्बन्धी प्रतिरक्षात्मक कार्य गर्ने ।

४.५. स्वास्थ्य आपतकालिन तथा विपद् व्यवस्थापन इकाई

- जनस्वास्थ्य आपतकाल र विपद्को अवस्थामा स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयको सचिवालयको रुपमा कार्य गर्ने।
- जनस्वास्थ्य आपतकाल र विपद्को पुर्व तयारी तथा प्रतिकार्यको लागि सरोकारवाला निकाय संग समन्वय तथा सहकार्य गर्ने।
- जनस्वास्थ्य आपतकाल र विपद् पूर्वतयारी तथा प्रतिकार्यसम्बन्धी कार्यका लागि गृह मन्त्रालय लगायत अन्य सम्बन्धित निकायहरूसँग स्वास्थ्य क्षेत्रको सम्पर्क विन्दु को रूपमा कार्य गर्ने।
- जनस्वास्थ्य आपतकालिन स्वास्थ्य आपतकालीन तथा विपदको अवस्थामा राष्ट्रिय रोग नियन्त्रण केन्द्र लगायत अन्य सम्बन्धित निकायहरुसँग समन्वय गरी द्रुत प्रतिकार्य गर्ने।
- प्रदेश तथा स्थानीय तहसँग जनस्वास्थ्य आपतकालिन तथा विपद सम्बन्धि पूर्वतयारी तथा प्रतिकार्यको केन्द्रिय सम्पर्क विन्दुको रुपमा कार्य गर्ने।

- जनस्वास्थ्य आपतकाल र विपद पूर्वतयारी तथा प्रतिकार्य गर्न सहयोगी अन्तराष्ट्रिय निकाय, गैरसरकारी एवम् सरोकारवाला संघसंस्थाहरुसँग समन्वय गरी आवश्यक सहयोग परिचालन गर्ने (Health Cluster lead) हब तथा स्याटेलाईट अस्पताल सञ्जाललाई अझ प्रभावकारी बनाइ सेवा प्रवाह सहज बनाउन सहकार्य गर्ने।
- एम्बुलेन्स सेवा सम्बन्धि सम्पूर्ण कार्यहरु समन्वय तथा व्यवस्थापन गर्ने।
- जनस्वास्थ्य आपतकाल र विपद् सम्बन्धि पूर्वतयारी तथा प्रतिकार्यको कामहरुमा प्रादेशिक स्वास्थ्य आपतकालीन कार्यसंचालन केन्द्रहरूसँग समन्वय तथा सहकार्य गर्ने।
- जनस्वास्थ्य आपतकाल र विपद् सम्बन्धि सूचना व्यवस्थापन गर्ने।
- जनस्वास्थ्य आपतकालीन तथा विपदको पूर्वतयारी लागि समुदाय, पूर्व-अस्पताल, अस्पताल तथा अस्पताल-पश्चात स्वास्थ्य सेवा सम्बन्धि कार्यहरु गर्ने।
- जनस्वास्थ्य आपतकालिन तथा विपद प्रतिकार्यमा आवश्यक हुने आपताकालिन स्वास्थ्य सामग्री भण्डारण स्थापना परिचालन सम्बन्धि कार्यहरु गर्ने।
- स्वास्थ्य आपतकालीन तथा विपद्का लागि मापदण्ड निर्धारण तथा क्षमता विकासका गर्ने।
- अन्तर्राष्ट्रिय स्वास्थ्य नियमावली (IHR) २००५ अनुसार स्वास्थ्य आपतकालीन व्यवस्थापनका मुख्य क्षमताहरू (Core Capacities) सम्बन्धी कार्य गर्ने।

५. स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयबाट प्रदान गरिने प्रमुख सेवाहरु

सि.न	महाशाखा /शाखा	प्रदान गरिने सेवाको विवरण	प्रकृया	लाग्ने दस्तुर	पेश गर्नुपर्ने कागजात	लाग्ने समय	सम्पर्क अधिकारी
१	**नीति, योजना, तथा अनुसन्धान महाशाखा**	छात्रवृत्ति विशेषज्ञ चिकित्सकको करार सेवामा नियुक्ति, कामकाज तथा सरुवा	• प्रतिष्ठानबाट उत्तीर्ण भएको नामावली सहितको पत्र र निवेदनका आधारमा नियुक्ति दिइने। • करार सेवामा नियुक्ति भई एक वर्ष अवधि पुगेकोमा कारार सेवामा हाजिर भएको पत्र र निवेदनका आधारमा कामकाज सरुना गर्न सकिने	निःशुल्क	•विश्वविद्यालय/ प्रतिष्ठानबाट उत्तीर्ण भएको नामावलीसहितको पत्र •व्यक्तिगत निवेदन •करार सेवामा हाजिर भएको पत्र	७ दिन	शाखा प्रमुख
२		छात्रवृत्ति विशेषज्ञ चिकित्सकको सेवा अवधि प्रमाणित	निवेदनसहित पेस भएका आवश्यक कागजात जाँचबुझ गरी सेवा अवधि प्रमाणित गरिने।	निःशुल्क	•निवेदन •सुरु नियुक्ति पत्रको प्रतिलिपि (सरुवा भएमा सोको पत्र) • हाजिरी प्रमाणित र मिति खुलेको पत्र • NMC को प्रतिलिपि • Exit Interview Form	३ दिन	शाखा प्रमुख
३		प्रतिष्ठानलगायतमा सेवारत स्वास्थ्यकर्मी वा चिकित्सकको स्नातकोत्तर वा	निवेदनसहित पेस भएका आवश्यक कागजात जाँचबुझ गरी पूर्व अध्ययन अनुमति प्रदान गर्न सकिने।	निःशुल्क	•निवेदन •नियुक्ति पत्र • सम्बन्धित कार्यरत संस्था र मन्त्रालयको	७ दिन	शाखा प्रमुख

सि.न	महाशाखा /शाखा	प्रदान गरिने सेवाको विवरण	प्रकृया	लाग्ने दस्तुर	पेश गर्नुपर्ने कागजात	लाग्ने समय	सम्पर्क अधिकारी
		सोभन्दा माथिल्लो तहको अध्ययनका लागि पूर्व अध्ययन अनुमति			सिफारिस पत्र तथा स्थानीय तहमा कार्यरतको हकमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको सिफारिस पत्र		
४	**स्वास्थ्य, खाद्य स्वच्छता तथा औषधी गुणस्तर नियमन महाशाखा**	रेडियोलोजिकल उपकरण आयात अनुमति	आयात अनुमति सिफारिस समितिको सिफारिसका आधारमा अनुमति प्रदान गरिने।	निःशुल्क	तोकिएको चेकलिस्ट बमोजिमका कागजातहरू संलग्न गरी दरखास्त दिने।	समितिको बैठक बसेको १ दिन।	वरिष्ठ औषधि व्यवस्थापक
५		IEE/EIA प्रतिवेदन स्वीकृति र सिफारिस	समितिको सिफारिसका आधारमा स्वीकृति तथा सिफारिस प्रदान गरिने।	निःशुल्क	वातावरण संरक्षण ऐन, २०७६ र नियमावली, २०७७ को ढाँचामा तयार गरिएको संलग्न प्रतिवेदन।	समितिको सुझाव समेटी पेस गरेको १ हप्ताभित्र।	गुणस्तर मापदण्ड तथा नियमन शाखाका उपसचिव
६		२०० शय्याभन्दा माथिका मेडिकल कलेज अस्पताल दर्ता तथा नवीकरण	मन्त्रालयस्तरीय अनुगमन समितिको अनुगमन प्रतिवेदनका आधारमा दर्ता तथा नवीकरण गरिने।	• इजाजतपत्रका लागिः प्रतिशय्या रु. ४,०००/- • नवीकरणका लागिः प्रतिशय्या रु. ५००/-	• **इजाजतपत्रका लागिः** जनस्वास्थ्य सेवा नियमावली, २०७७ को अनुसूची १० बमोजिमका कागजातहरू। • **नवीकरणका लागिः** जनस्वास्थ्य सेवा नियमावली, २०७७ को	अनुगमन प्रतिवेदन बमोजिम सम्पूर्ण कागजात पूरा भएको १ हप्ताभित्र।	गुणस्तर मापदण्ड तथा नियमन शाखाका उपसचिव (कोठा नं. ३०९)

सि.न	महाशाखा /शाखा	प्रदान गरिने सेवाको विवरण	प्रकृया	लाग्ने दस्तुर	पेश गर्नुपर्ने कागजात	लाग्ने समय	सम्पर्क अधिकारी
					अनुसूची १२ बमोजिमका कागजातहरू।		
७		आई.भी.एफ. सेन्टरको दर्ता तथा नवीकरण	अनुगमन प्रतिवेदनका आधारमा दर्ता तथा नवीकरण गरिने।	• दर्ताका लागिः प्रतिसेवा रु. १०,०००/- • नवीकरणका लागिः प्रतिसेवा रु. १,०००/-	• **इजाजतपत्रका लागिः** जनस्वास्थ्य सेवा नियमावली, २०७७ को अनुसूची १० बमोजिमका कागजातहरू। • **नवीकरणका लागिः** जनस्वास्थ्य सेवा नियमावली, २०७७ को अनुसूची १२ बमोजिमका कागजातहरू।	अनुगमन प्रतिवेदन बमोजिम सम्पूर्ण कागजात पूरा भएको १ हप्ताभित्र।	वरिष्ठ औषधि व्यवस्थापक
८	**जनस्वास्थ्य समन्वय तथा सूचना प्रविधि महाशाखा**	राजस्व छुट	निवेदन तथा राजस्व छुट सिफारिससम्बन्धी कार्यविधि, २०७९ बमोजिम समितिको बैठकबाट निर्णय गरिने।	निःशुल्क	कार्यविधिको अनुसूची २ मा तोकिएका प्रमाणित कागजातहरू।	सम्पूर्ण कागजात प्राप्त भएको बढीमा २ हप्ताभित्र।	शाखा प्रमुख
९		भन्सार सहजीकरण	निवेदन	निःशुल्क	संस्था तथा अस्पतालका कानुनी दस्तावेजहरू बिजक, दान/दातव्य गरिएको पत्र आदि।	सम्पूर्ण कागजात प्राप्त भएको बढीमा १ हप्ताभित्र।	शाखा प्रमुख

सि.न	महाशाखा /शाखा	प्रदान गरिने सेवाको विवरण	प्रकृया	लाग्ने दस्तुर	पेश गर्नुपर्ने कागजात	लाग्ने समय	सम्पर्क अधिकारी
१०		कार्य, श्रम इजाजत तथा भिसा र काउन्सिलमा अस्थायी दर्ता	निवेदन पेस गर्ने (अस्पताल तथा संस्थाका कानुनी दस्तावेज, विज्ञ विशेषज्ञता खुलेको कागजात र राहदानीको प्रतिलिपि संलग्न गर्नुपर्ने)।	निःशुल्क	अस्पताल तथा संस्थाका कानुनी दस्तावेजहरू विज्ञ विशेषज्ञता खुलेको कागजात राहदानीको प्रतिलिपि विज्ञापन आदि।	सम्पूर्ण कागजात प्राप्त भएको बढीमा १ हप्ताभित्र। सम्बन्धित निकायबाट सहमति/इजाजत प्राप्त भएपछि सोही दिन।	शाखा प्रमुख
११		विदेशी मुद्रा सटही सिफारिस	स्वास्थ्य सेवा विभागबाट सक्कल फाइलसहित पेस हुनुपर्ने।	निःशुल्क	स्वास्थ्य सेवा विभागबाट प्राप्त सक्कल फाइल।	सम्पूर्ण कागजात प्राप्त भएको बढीमा १ हप्ताभित्र।	शाखा प्रमुख
१२		आवश्यकताको पत्र (Statement of Need) (USMLE अध्ययनका लागि)	Statement of Need निर्देशिकाको अनुसूची १ मा तोकिएको ढाँचामा निवेदन र अनुसूची २ बमोजिमका कागजात संलग्न गरी यस मन्त्रालयमा आवेदन दर्ता गर्नुपर्ने।	निःशुल्क	Statement of need निर्देशिका बमोजिमको कागजात • अनुसूची १ बमोजिमको निवेदन • अनुसूची २ बमोजिमका कागजातहरू • अनुसूची ३ बमोजिमको निवेदक वा अभिभावकको	७ दिन।	शाखा प्रमुख

सि.न	महाशाखा /शाखा	प्रदान गरिने सेवाको विवरण	प्रकृया	लाग्ने दस्तुर	पेश गर्नुपर्ने कागजात	लाग्ने समय	सम्पर्क अधिकारी
					जमानीपत्र • अनुसूची ५ बमोजिमका कागजातहरू प्रतिबद्धता पत्र		
१३		स्वदेशी तथा वैदेशिक अध्ययन छात्रवृत्तिका लागि मनोनयन	नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ तथा नियमावली, २०५४ बमोजिम मनोनयनका लागि पेस भएको निवेदन मनोनयन समितिले आवश्यक जाँचबुझ गरी सिफारिस प्रदान गरिने।	निःशुल्क	• निवेदन • सुरु नियुक्ति, समायोजन/स्तरवृद्धि पत्र • पूर्व स्वीकृति पत्र • अद्यावधिक PIS • दुर्गम सेवा प्रमाणित पत्र • विभागीय कारबाही भए/नभएको तथा यसअघि अध्ययन बिदा लिए/नलिएको सम्बन्धी पत्र • सम्बन्धित कार्यालय/प्रदेश/स्थानीय तहको सिफारिस पत्र	२ महिना	शाखा प्रमुख
१४		लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (जेसी) सम्बन्धमा नीतिगत,	लिखित, मौखिक तथा सामाजिक सञ्जालमार्फत निवेदन तथा सम्पर्क गर्न सकिने।	निःशुल्क	• मौखिक रूपमा सम्पर्क गर्न सकिने • सामाजिक सञ्जालमार्फत रिपोर्ट वा इमेल	सोही दिन।	जेसी सम्पर्क व्यक्ति

सि.न	महाशाखा /शाखा	प्रदान गरिने सेवाको विवरण	प्रकृया	लाग्ने दस्तुर	पेश गर्नुपर्ने कागजात	लाग्ने समय	सम्पर्क अधिकारी
		वित्तीय तथा कार्यक्रमगत व्यवस्था			• लिखित निवेदन		
१५		लैङ्गिक हिंसा पीडित/प्रभावितका लागि एकीकृत सेवा, सामाजिक सेवा एकाइ तथा ज्येष्ठ नागरिक सेवा कार्यक्रम र एकद्वार सङ्कट व्यवस्थापन केन्द्रसम्बन्धी जानकारी तथा तथ्याङ्क उपलब्ध गराउने	लिखित, मौखिक तथा सामाजिक सञ्जालमार्फत सम्पर्क गर्न सकिने।	निःशुल्क	• मौखिक रूपमा सम्पर्क गर्न सकिने • सामाजिक सञ्जालमार्फत रिपोर्ट वा इमेल • लिखित निवेदन	सोही दिन।	जेसी सम्पर्क व्यक्ति
१६	**प्रशासन महाशाखा**	कर्मचारी सरुवा	• निजामती कर्मचारीहरूको भाद्र महिना। • स्वास्थ्य सेवाका कर्मचारीहरूको अन्तर विभाग सरुवा असोज र फागुन महिना	निःशुल्क	• मन्त्रालयले तयार गरेको ढाँचामा सम्बन्धित कार्यालय प्रमुखबाट प्रमाणित भएको निवेदन। • सेवा अवधि खुलेको प्रमाण। • हालको कार्यालयमा हाजिर भएको जानकारीको प्रमाणित प्रतिलिपि।	७ दिन।	उपसचिव, कर्मचारी प्रशासन शाखा

सि.न	महाशाखा /शाखा	प्रदान गरिने सेवाको विवरण	प्रकृया	लाग्ने दस्तुर	पेश गर्नुपर्ने कागजात	लाग्ने समय	सम्पर्क अधिकारी
					• रिक्त पदको जानकारी/सहमति। • अद्यावधिक PIS विवरण।		
१७		अध्ययन पूर्वस्वीकृति	सम्बन्धित प्रदेश/स्थानीय तह/कार्यालयको रायसहितको सिफारिसको फाइल पेस हुने।	निःशुल्क	• अध्ययन गर्ने निकायको सूचना। • निवेदन। • सम्बन्धित कार्यालय/निकायको टिप्पणी तथा सिफारिस। • दुर्गम सेवा प्रमाणित पत्र। • प्रदेश सरकार/विभागको राय। • शैक्षिक योग्यताका प्रमाणपत्रहरूको प्रतिलिपि। • नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि। • स्थायी नियुक्ति तथा स्तरवृद्धिको पत्रको प्रतिलिपि।	७ दिन	उपसचिव, कर्मचारी प्रशासन शाखा

सि.न	महाशाखा /शाखा	प्रदान गरिने सेवाको विवरण	प्रकृया	लाग्ने दस्तुर	पेश गर्नुपर्ने कागजात	लाग्ने समय	सम्पर्क अधिकारी
					• अद्यावधिक PIS विवरण। • सेवा प्रमाणित पत्र। • अध्ययनरत संस्थाको पत्र।		
१८		बिदा स्वीकृत गर्ने • तलबसहितको अध्ययन बिदा • बेतलबी अध्ययन बिदा • असाधारण अध्ययन बिदा • असाधारण बिदा	• सम्बन्धित कार्यरत निकायको सिफारिससहित मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय/विभाग/कार्यालयको रायसहितको फाइल मन्त्रालयमा पेस हुने। • मन्त्रालयले नियमानुसार बिदा स्वीकृत वा अस्वीकृत गर्न सक्ने।	निःशुल्क	• निवेदन • सम्बन्धित कार्यालय/निकायको टिप्पणी तथा सिफारिस। दुर्गम सेवा प्रमाणित पत्र। • प्रदेश सरकार/विभागको राय। • शैक्षिक योग्यताका प्रमाणपत्रहरूको प्रतिलिपि। • नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि। • स्थायी नियुक्ति तथा स्तरवृद्धिको पत्रको प्रतिलिपि • अद्यावधिक PIS विवरण • पूर्वस्वीकृति पत्र • मनोनयन पत्र	प्रक्रिया पूरा भएको अवस्थामा ७ दिन।	उपसचिव, कर्मचारी प्रशासन शाखा

सि.न	महाशाखा /शाखा	प्रदान गरिने सेवाको विवरण	प्रकृया	लाग्ने दस्तुर	पेश गर्नुपर्ने कागजात	लाग्ने समय	सम्पर्क अधिकारी
					• अनुसूची २० (कबुलियतनामा)। • सेवा प्रमाणित पत्र। • अध्ययनरत संस्थाको पत्र।		
१९		बढुवा/स्तरवृद्धि	स-प्रमाण निवेदन दिएकोमा छानबिन गरी बढुवा सूची प्रकाशन गरिने (पुस र असार महिनामा)।	निःशुल्क	• निवेदन • न्यूनतम दुई वर्षको का.स.मु. फाराम सेवा प्रमाणित पत्र	१ महिना।	उपसचिव, कर्मचारी प्रशासन शाखा
२०		संगठन तथा व्यवस्थापन सर्वेक्षण	• मन्त्रालयको महाशाखा प्रमुखको संयोजकत्वमा रहेको O&M समितिको सिफारिस। • खाका तयार गर्ने (संगठन संरचना र दरबन्दी, दरबन्दी तेरिज र कार्यविवरण) • अर्थ मन्त्रालय तथा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको सहमति लिने। नेपाल सरकार, मन्त्रिपरिषद्मा स्वीकृतिका लागि पेस गर्ने।	निःशुल्क (सम्बन्धित परामर्श सेवाबाहेक)।	• O&M प्रतिवेदन। • सम्बन्धित निकायको सिफारिस पत्र	३ महिना।	उपसचिव, कर्मचारी प्रशासन शाखा

सि.न	महाशाखा /शाखा	प्रदान गरिने सेवाको विवरण	प्रकृया	लाग्ने दस्तुर	पेश गर्नुपर्ने कागजात	लाग्ने समय	सम्पर्क अधिकारी
२१		अवकाश/राजीनामा सम्बन्धी	• अवकाश हुने मितिभन्दा छ महिना अगाडि निजामती किताबखानाले तोकेको फाराम भरी यस शाखामा पेश गर्ने • राजीनामाको हकमा सम्बन्धित कार्यालयको सिफारिस पत्रसहित राजीनामाका लागि यस शाखामा स्वेच्छिक निवेदन दिनुपर्ने।	निःशुल्क	**अवकाश** • निजामती किताबखानाले तोकेको फाराम। • निजामती किताबखानाले दिएको अवकाशसम्बन्धी जानकारी पत्र। • अद्यावधिक PIS विवरण। • सुरु नियुक्ति तथा हालको पदको नियुक्ति/बढुवा नियुक्ति पत्र। • राजीनामाको हकमा सम्बन्धित कार्यालयको सिफारिस पत्र र सनाखत पत्र। • सफाई पत्र। • सेवाअवधि प्रमाणित पत्र।	१५ दिन।	उपसचिव, कर्मचारी प्रशासन शाखा

सि.न	महाशाखा /शाखा	प्रदान गरिने सेवाको विवरण	प्रकृया	लाग्ने दस्तुर	पेश गर्नुपर्ने कागजात	लाग्ने समय	सम्पर्क अधिकारी
२२	**स्वास्थ्य आपत्कालीन तथा विपद् व्यवस्थापन इकाई (HEOC)**	एम्बुलेन्स सञ्चालन अनुमति स्वीकृति	राष्ट्रिय एम्बुलेन्स व्यवस्थापन समितिको सिफारिसअनुसार निर्णय गरिने।	निःशुल्क	• राष्ट्रिय एम्बुलेन्स निर्देशिका, २०७८ को अनुसूची–३ बमोजिमका कागजातहरू। • स्वास्थ्य संस्था दर्ता तथा आबद्धता प्रमाणपत्रको प्रतिलिपि। • स्वास्थ्य संस्थाको विधान तथा संस्थाको निर्णय। • जिल्ला तथा प्रदेश एम्बुलेन्स व्यवस्थापन समितिको सिफारिस। • स्वास्थ्य संस्था/अस्पताल र एम्बुलेन्स सञ्चालकबीचको सम्झौता पत्र।	समितिको मासिक नियमित बैठकपश्चात्।	HEDMU/HEOC
२३		एम्बुलेन्स राजस्व छुट सिफारिस	राष्ट्रिय एम्बुलेन्स व्यवस्थापन समितिको सिफारिसअनुसार निर्णय गरिने।	निःशुल्क	राष्ट्रिय एम्बुलेन्स निर्देशिका, २०७८ को अनुसूची–८ बमोजिमका कागजातहरू। - स्वास्थ्य संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि। - स्वास्थ्य संस्थाको	समितिको मासिक नियमित बैठकपश्चात्।	HEDMU/HEOC

सि.न	महाशाखा /शाखा	प्रदान गरिने सेवाको विवरण	प्रकृया	लाग्ने दस्तुर	पेश गर्नुपर्ने कागजात	लाग्ने समय	सम्पर्क अधिकारी
					विधानको प्रतिलिपि। - गत वर्षको लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपि। - अस्पताल सञ्चालन स्वीकृति पत्र। - अस्पताल/स्वास्थ्य संस्था नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि। - नवीकरण गर्ने आर्थिक वर्षभन्दा अगाडिको आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्र। - अस्पताल/स्वास्थ्य संस्थाको एम्बुलेन्स खरिद तथा सञ्चालनसम्बन्धी निर्णय। - जिल्ला तथा प्रदेश एम्बुलेन्स व्यवस्थापन समितिको सिफारिस। राष्ट्रिय एम्बुलेन्स निर्देशिका, २०७८ को		

६. सेवा प्रदान गर्ने महाशाखा,शाखा र जिम्मेवार अधिकारी

६.१ नीति, योजना, तथा अनुसन्धान महाशाखा प्रमुखः डा. विवेक कुमार लाल

६.१.१ नीति, योजना तथा बजेट शाखा प्रमुखः धनेश्वर पौडेल

६.१.२ अनुगमन, मुल्यांकन तथा अनुसन्धान शाखा प्रमुखः डा. अनु शाक्य

६.१.३ चिकित्सा सेवा तथा शिक्षा शाखा प्रमुख :   नुजन शर्मा

६.२. स्वास्थ्य, खाद्य स्वच्छता तथा औषधि गुणस्तर नियमन महाशाखा प्रमुखः डा. रोशन न्यौपाने / डा. मतिना जोशी वैद्य

६.२.१ स्वास्थ्य संस्था मापदण्ड तथा गुणस्तर नियमन शाखा प्रमुखः डा. ईन्द्र ढकाल

६.२.२. आयुर्वेद तथा वैकल्पिक चिकित्सा शाखाः

६.२.३. खाद्य गुणस्तर नियमन शाखाः

६.२.४ औषधी गुणस्तर नियमन शाखाः शिवानी खड्गी

६.३. जनस्वास्थ्य समन्वय तथा सूचना प्रविधि महाशाखा प्रमुखः यशोदा अर्याल

६.३.१ स्वास्थ्य समन्वय, जनसंख्या तथा सूचना शाखा प्रमुखः बिशाल सुबेदी

६.३.२ सूचना प्रविधि तथा ई-हेल्थ शाखा प्रमुखः सुरज प्रकाश अर्याल

६.४. प्रशासन महाशाखा प्रमुखः हुमकला पाण्डे

६.४.१ प्रशासन तथा मानव संशाधन व्यवस्थापन शाखा प्रमुखः गणेश बहादुर कटुवाल

६.४.२ आर्थिक प्रशासन शाखा प्रमुखः मिठ्ठु थापा

६.४.३ कानुन शाखा प्रमुखः राजेन्द्र लम्साल

६.५ स्वास्थ्य आपतकालिन तथा विपद व्यवस्थापन इकाई प्रमुखः डा. हेमन्त चन्द्र ओझा

६.६. अन्य कर्मचारीः

६.६.१. स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयको प्रवक्ता : यशोदा अर्याल

६.६.२. स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयको सह-प्रवक्ता : डा. समिर कुमार अधिकारी

६.६.३. स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयको गुनासो सुन्ने अधिकारीः अमृता पहाडी

६.६.४. स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयको सूचना अधिकारीः

७. निर्णय गर्ने प्रकृया र अधिकारी

निर्णय गर्ने प्रक्रिया सम्बन्धमा

सरकारी निर्णय प्रक्रिया (सरलीकरण तथा डिजिटल बनाउने) सम्बन्धी नियमावली, २०८३ बमोजिम

निर्णय गर्ने अधिकारी सम्बन्धमा

- मन्त्रीस्तरबाट
- सचिवस्तरबाट
- महाशाखाप्रमुख स्तरबाट

८. निर्णय उपर उजुरी सुन्ने अधिकारी

सचिव, स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय

९. मन्त्रालयसंग सम्बन्धित ऐन, नियम, कार्यविधि, निर्देशिका एवं मापदण्डको विवरण

मन्त्रालयको जिम्मेवारीमा रहेका कार्यहरु सम्पादन गर्ने सिलसिलामा मन्त्रालय र अन्तर्गतका निकायहरुले निम्मानुसारका कानूनको प्रयोग तथा पालना गर्नेछन्।

ऐनहरु

- जनस्वास्थ्य सेवा ऐन, २०६५
- सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य अधिकार ऐन,२०६५
- राष्ट्रिय स्वास्थ्य बीमा ऐन,२०६४
- मानव अंग प्रत्यारोपण (नियमित तथा निषेध) ऐन,२०६२ (२०५५को संशोधन)
- सूर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन,२०६८
- स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी ऐन, २०६६
- पाटन स्वास्थ्य विज्ञान राष्ट्रिय प्रतिष्ठान ऐन,२०६४
- कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०६८
- पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०६२
- रापि स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०६४
- चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान ऐन,२०६३
- शहिद गंगालाल राष्ट्रिय हृदयकेन्द्र ऐन,२०५६
- नेपाल फार्मेसी परिषद ऐन,२०५६
- वी.पी. कोइराला मेमोरियल क्यान्सर अस्पताल ऐन, २०५४
- नेपाल स्वास्थ्य सेवा ऐन, २०५३

- नेपाल नर्सिङ परिषद ऐन, २०५२
- आमाको दुधलाई प्रतिस्थापन गर्ने वस्तु (विक्रि वितरण नियन्त्रण) ,२०४९
- वी.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०४९
- नेपाल स्वस्थ्य अनुसन्धान परिषद ऐन,२०४६
- नेपाल स्वास्थ्य व्यवसायी परिषद ऐन, २०४६
- आयुर्वेद चिकित्सा परिषद् ऐन, २०४५
- औषधी उत्पादन संहिता, २०४१
- औषधी ऐन,२०३५
- बिफर नियन्त्रण ऐन,२०२०
- संक्रामक रोग ऐन,२०२०
- नेपाल मेडिकल काउन्सिल ऐन,२०२०
- खोप ऐन,२०६२

<u>नियमावलीहरुः</u>

- विफर नियन्त्रण नियमावली, २०२३
- नेपाल मेडिकल काउन्सिल नियमावली, २०२४
- औषधि परामर्श परिषद् र औषधि सल्लाहकार समिति गठन नियमावली, २०३६
- औषधि दर्ता नियमावली, २०३८
- औषधि जाँचबुझ तथा निरीक्षण नियमावली, २०४०
- औषधि स्तर नियमावली, २०४३
- आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (विक्री वितरण, नियन्त्रण) नियमावली, २०५१
- नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५
- नेपाल स्वास्थ्य व्यवसायी परिषद् नियमावली, २०५६
- सूर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) नियमावली, २०६८
- स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी नियमावली, २०६९
- मानव शरीरको अङ्ग प्रत्यारोपण (नियमित तथा निषेध) नियमावली, २०६३

- खोप नियमावली, २०६४
- स्वास्थ्य बीमा नियमावली, २०६५
- जनस्वास्थ्य सेवा नियमावली, २०६६
- सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार नियमावली, २०६६

<u>नीति तथा रणनीति तथा कार्ययोजनाहरु:</u>

- राष्ट्रिय स्वास्थ्य नीति, २०६६
- राष्ट्रिय जनसंख्या नीति, २०८२
- राष्ट्रिय खाद्य सुरक्षा नीति, २०६६
- राष्ट्रिय स्वास्थ्य बीमा नीति, २०६१
- राष्ट्रिय रक्त सञ्चार नीति, २०७१
- राष्ट्रिय औषधी नीति, २०५१
- मानसिक स्वास्थ्य सम्बन्धी राष्ट्रिय नीति, २०५२
- राष्ट्रिय मुख स्वास्थ्य नीति, २०६०
- सुरक्षित मातृत्व नीति, २०५५
- राष्ट्रिय स्वास्थ्य अनुसन्धान नीति, २०६०
- राष्ट्रिय सुरक्षित गर्भपतन नीति, २०६०
- राष्ट्रिय स्वास्थ्य सञ्चार नीति,२०६९
- राष्ट्रिय स्वास्थ्य प्रयोगशाला नीति, २०६९
- नेपाल स्वास्थ्य क्षेत्र रणनीतिक योजना (२०६९/८० - २०८६/८८)
- राष्ट्रिय स्वास्थ्य वित्त रणनीति (२०८०-२०९०)
- स्वास्थ्य क्षेत्रको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति, २०८०
- राष्ट्रिय क्यान्सर नियन्त्रण रणनीति, २०२४-२०३०
- राष्ट्रिय स्वास्थ्य तालिम रणनीति २०८२-२०८६
- राष्ट्रिय महिला स्वास्थ्य स्वयंसेविका कार्यक्रम रणनीति, २०६६ (पहिलो संशोधन २०६६)
- राष्ट्रिय किशोरकिशोरी स्वास्थ्य तथा विकास रणनीति, २०६५

- प्रतिजैविक प्रतिरोध राष्ट्रिय कार्ययोजना (२०८०/८१ - २०८४/८५)
- जनसंख्या सम्बन्धी दीर्घकालीन योजना २०६६-२०८६
- नसर्ने रोगहरुको रोकथाम र नियन्त्रणका लागि बहुक्षेत्रीय कार्ययोजना २०२१-२०२५
- एक स्वास्थ्य रणनीति (One Health Strategy), २०६६
- क्षयरोग अन्त्यको राष्ट्रिय रणनीतिक योजना २०६८/६९- २०८२/८३
- जेरियाट्रिक स्वास्थ्य सेवा रणनीति, २०६८
- नेपाल प्रशामक सेवा राष्ट्रिय रणनीति, २०२५-२०३५
- "Field Epidemiology Training Program (FETP) Strategic Roadmap Nepal (2025-30)"
- Viral Hepatitis B &C राष्ट्रिय रणनीति, २०२३-२०३०
- राष्ट्रिय कुष्ठरोग रणनीति, २०२१-२०२५

<u>निर्देशिका तथा कार्यविधिहरु</u>

- शीघ्र कुपोषणको एकीकृत व्यवस्थापन कार्यक्रमको निर्देशिका
- आकस्मिक अवस्थामा पोषण (Nutrition in Emergency) को निर्देशिका परिमार्जन
- स्थानिय तहमा आधारभूत स्वास्थ्य सेवा केन्द्र निर्माण तथा सेवा सञ्चालन सम्बन्धी कार्यविधि, २०६५ (दोस्रो संशोधन २०८१)
- होमियोप्याथिक चिकित्सा पद्धति-कार्ययोजना, २०८१
- डेंगी रोकथाम तथा नियन्त्रण कार्ययोजना, २०८१
- नसर्ने रोगहरू (मधुमेह, उच्च रक्तचाप, मिर्गौला सम्बन्धी रोग, शरीरको उचाई र तौलको अनुपात) पहिचानका लागि एक महिने अभियान सञ्चालन निर्देशिका, २०८१
- आधारभूत अस्पताल सेवा मापदण्ड, २०८१
- विद्यालय स्वास्थ्य तथा नर्सिङ सेवा निर्देशिका, २०८१
- अस्पतालमा क्यान्सर उपचार सेवा विस्तार गर्ने कार्यविधि, २०८१
- पाठेघरको मुखको क्यान्सर गराउने Human Papillomavirus विरूद्धको एच.पि.भी. खोप सेवा सञ्चालन निर्देशिका, २०८१
- राष्ट्रिय बिरामी प्रेषण निर्देशिका, २०८१

- औलो तथा कालाजार सार्ने वाहक नियन्त्रणका लागि अन्तरङ्ग अविशिष्ट विषादी छिड्काउ सम्बन्धी निर्देशिका, २०८१
- जलनको सघन उपचार सेवा विस्तार सम्बन्धी कार्यविधि, २०८१
- नेपाल स्वास्थ्य संस्था पञ्जीकरण कार्यविधि, २०८१
- नेपाल स्वास्थ्य जनशक्ति व्यवस्थापन सूचना प्रणाली सञ्चालन कार्यविधि, २०८१
- HPV-DNA विधिबाट पाठेघरको मुखको स्क्रिनिङ कार्यविधि, २०८०
- विपन्न नागरिक औषधी उपचार कार्यक्रम सञ्चालन निर्देशिका, २०८०
- पाठेघरको मुखको क्यान्सर स्क्रिनिङ सेवा सञ्चालन निर्देशिका,२०६९
- सुत्केरीलाई पोषण खर्च बितरण सम्बन्धी कार्यविधि, २०६९
- स्तनपान व्यवस्थापन केन्द्र संचालन निर्देशिका, २०६९
- पोषण पुर्नस्थापना केन्द्र संचालन निर्देशिका, २०६९
- अपाङ्गतामैत्री प्रजनन् स्वास्थ्य तथा सुरक्षित मातृत्व सेवा सम्बन्धी निर्देशिका, २०६९
- स्वास्थ्य सेवाको गुणस्तर सुनिश्चित गर्ने कार्यविधि २०६९
- प्रदेशहरूमा सरकारी स्वामित्वको रक्तसंचार केन्द्र स्थापना सम्बन्धी अवधारणा पत्र, २०६९ र कार्यविधि, २०८०
- सामाजिक सेवा एकाइ (स्थापना तथा सञ्चालन) निर्देशिका, २०६८ (परिमार्जन, २०६९)
- अस्पताल फार्मेसी निर्देशिका २०७८
- आन्तरिक नियन्त्रण निर्देशिका, २०६५
- मेडिको लिगल सेवा निर्देशिका, २०६५
- एम्बुलेन्स सेवा निर्देशिका, २०८२
- विपन्न नागरिक औषधी उपचार कोष निर्देशिका, २०७५
- नागरिक राहत, क्षतिपूर्ति तथा आर्थिक सहायता सम्वन्धी कार्यविधि, २०६३
- स्वास्थ्य संस्था सञ्चालन सम्वन्धी मापदण्ड, २०७७
- सूर्तिजन्य पदार्थ नियन्त्रण तथा नियमन निर्देशिका, २०७१

- सूर्तिजन्य पदार्तको बट्टा, प्याकेट, -यापर्स, पेटी तथा पार्सल, प्याकेजिंगमा चेतावनीमूलक सन्देश र चित्र छाप्ने तथा अंकित गर्ने निर्देशिका, २०८१
- बिस्तारित अस्पताल सेवा कार्यक्रम संचालन कार्यविधि, २०७७
- आधारभूत स्वास्थ्य सेवा केन्द्र निर्माण तथा सेवा संचालन सम्बन्धी कार्यविधि_२०६५ (दोस्रो संशोधन, २०८१)
- सामाजिक सेवा एकाइ (स्थापना तथा सञ्चालन) निर्देशिका, २०७८
- स्वास्थ्य सामाग्री तथा उपकरणको आयातमा लाग्ने राजश्व छुट सिफारिस सम्बन्धी कार्यविधि, २०७९
- जनस्वास्थ्य आपत्काल व्यवस्थापन निर्देशिका, २०८२
- निःशुल्क उपचार पोर्टल (संचालन तथा व्यवस्थापन) कार्यविधि, २०८३
- सार्वजनिक निकायका पदाधिकारीहरुको छनोट सिफारिस र नियुक्ति सम्बन्धी कार्यविधि २०८३
- मातृ बहु सुक्ष्मपोषण (MMS) कार्यक्रम सञ्चालन कार्यविधि २०८३

१०. मन्त्रालयबाट चालु आ.व.को पहिलो त्रैमासिकमा सम्पादन गरिएका कामको विवरण

क. नीति, योजना तथा अनुसन्धान महाशाखा

नीति, योजना तथा बजेट शाखा

१. आ.व. २०८३/८४ को प्रथम त्रैमासिकमा मातृ बहु सूक्ष्मपोषण (MMS) कार्यक्रम सञ्चालन कार्यविधि २०८३, राष्ट्रिय मिडवाइफ्री मार्गचित्र २०२६-२०३०, मातृशिशुमैत्री स्वास्थ्य संस्था कार्यक्रम सञ्चालन निर्देशिका २०८३, जलनको स्तरीय उपचार पद्धति र राष्ट्रिय रेबिज रोग निवारण रणनैतिक कार्ययोजना २०८३-२०८८ स्वीकृत भएको।

२. आर्थिक वर्ष २०८३/८४ को संघ, प्रदेश र स्थानीय तहहरुमा विनियोजन भएको बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन स्वीकृत गरि परिपत्र गरिएको।

३. चालु आ.व. २०८३/८४ मा किटजन्य रोग अनुसन्धान तथा तालीम केन्द्र तर्फ विनियोजन भएको बजेटको त्रैमासिक संशोधन गरिएको।

४. रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठानको मेडिकल साईन्स र प्रशासकीय भवन निर्माणमा यस मन्त्रालयमा विनियोजन भएको बजेट शहरी विकास तथा भवन निर्माण विभाग मार्फत निर्माण कार्य अगाडी बढाउन अख्तियारी संशोधन गरिएको।

५. मधेश प्रदेशको लहान र ढल्केवरमा ट्रमा सेन्टर निर्माण कार्य शहरी विकास तथा भवन निर्माण विभागमा विनियोजन भएको बजेट बाँडफाँड गरि निर्माण कार्य अगाडी बढाउन कार्यक्रम संशोधन गरिएको।

